**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत र फ्रान्स बीचको द्विपक्षीय व्यापार आर्थिक वर्ष 2024 मा 15 अरब डलर पुगेको बताउनु भयो।

- झारखण्ड मुक्ति मोर्चाका नेता हेमन्त सोरेनले आज मुख्यमन्त्री पदको सपथ ग्रहण गर्नु हुनेछ ।

- राष्ट्रिय राजधानी दिल्लीको वायु गुणस्तर आज विहान ६ बजेसम्म औसत वायु सूचकाङ्क (ए.क्यू.आई) ३०४ रहेको छ।

- अमेरिकी राष्ट्रपति जो बाइडेनले गाजामा युद्धविरामका लागि अमेरिकाले टर्की , इजिप्ट, कतार र इजरायल लगायत क्षेत्रीय शक्तिहरूसँग मिलेर काम गर्ने बताउनु भएको छ ।

- लखनउमा चलीरहेको सैयद मोदी अन्तर्राष्ट्रिय सुपर ३०० ब्याडमिन्टन प्रतियोगिताको एकल इभेन्टमा पीभी सिन्धुले महिला एकलमा स्वर्ण पदक जितेकी छिन्।

**<u>गोयल-विदेश व्यापार</u>**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिज फ्रान्स र एशिया-प्रशान्त क्षेत्रका साझेदार देशहरूलाई द्विपक्षीय सम्झौता र बहुपक्षीय फोरमहरूमार्फत व्यापार सम्बन्ध सुदृढ गर्न, जलवायु परिवर्तन जस्ता विश्वव्यापी चुनौतीहरूको सामना गर्न प्राविधिक सहयोग सुदृढ गर्न र सांस्कृतिक अनि शैक्षिक सहयोगलाई सुदृढ गर्न आह्वान गर्नु भयो ।नयाँ दिल्लीमा एशिया प्रशान्त क्षेत्रका लागि फ्रान्सेली विदेशी व्यापार आयुक्तहरूको वार्षिक सम्मेलनमा बोल्नु हुदै श्री गोयलले भन्नु भयो, भारत र फ्रान्स बीचको द्विपक्षीय व्यापार आर्थिक वर्ष 2024 मा 15 अरब डलर पुगेको छ।

BYTE

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले दुवै देशले कृषि तथा खाद्य प्रशोधन, नवीकरणीय ऊर्जा, अन्तरिक्ष तथा रक्षा, अटोमोबाइल तथा विद्युतीय सवारीसाधन र डिजिटल प्रविधि लगायतका विभिन्न क्षेत्रमा सहकार्यका सम्भावनाहरू खोजिरहेको बताउनु भयो । श्री गोयलले भन्नु भयो, भारत विकसित भारत २०४७ को परिकल्पनामा अगाडि बढ्दै विश्वव्यापी नेताको रूपमा उभिन तयार छ। उहाले भन्नु भयो, मेक इन इन्डिया, डिजिटल इन्डिया र स्टार्टअप इन्डिया जस्ता पहलहरूले विदेशी लगानीलाई आकर्षित गर्दै आर्थिक विकासलाई गति दिन्छ। श्री गोयलले भारतको उड्डयन बजार आगामी तीन दशकहरूमा हवाई जहाजको लागि विश्वको सबैभन्दा ठूलो माग एग्रीगेटर हुने बताउनु भयो। उहाले सन् २०२९ सम्ममा देशमा ७५ वटा नयाँ विमानस्थल खोल्ने योजना सार्वजनिक गर्नु भयो । उनीहरूले युद्धविमानको सह-उत्पादन र साइबर सुरक्षा, आर्टिफिसियल इन्टेलिजेन्स, इ-कमर्स र क्वान्टम टेक्नोलोजीका क्षेत्रमा स्टार्टअप सहकार्य बढाउन इच्छा व्यक्त गरे I श्री गोयलले कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पनि पढेर सुनाउनु भयो I जसमा श्री मोदीले वाणिज्य, लगानी र प्रविधिलाई भारत-फ्रान्स सम्बन्धको मुख्य स्तम्भको रूपमा वर्णन गर्नु भएको थियो। पछि, श्री गोयलले विदेश व्यापार मन्त्री र फ्रान्सेली नागरिकहरूको प्रतिनिधि

सोफी प्राइमससँग छलफल गर्नु भयो , जसमा दुवै नेताहरूले भारत-युरोपीय संघ  मुक्त व्यापार सम्झौता, लगानी संरक्षण सम्झौता र वस्तु तथा सेवा कर सहयोग सम्झौताको भौगोलिक संकेतहरूका लागि चलिरहेको वार्तालापहरूबारे छलफल गरे।

****** ० ******

**झारखंड मुख्यमंत्री - शपथ ग्रहण**

झारखण्ड मुक्ति मोर्चाका नेता हेमन्त सोरेनले आज मुख्यमन्त्री पदको सपथ लिनु हुनेछ । झारखण्डका राज्यपाल सन्तोष कुमार गंगवारले श्री सोरेनलाई राँचीको मोरहाबादी मैदानमा अपराह्न ४ बजे पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु हुनेछ । राँचीमा पत्रकारहरुसँग कुरा गर्नु हुदै श्री सोरेनले प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र भारतीय जनता पार्टी (भाजपा) का नेताहरुलाई पनि कार्यक्रममा निमन्त्रणा गरिएको बताउनु भयो।

****** ० ******

**महाराष्ट्र- वाहन-ऑनलाइन पंजीकरण**

महाराष्ट्र सरकारले हल्का सामान वाहन वितरकहरूको अनलाइन, फेसलेस पंजीकरण दर्ताको सुविधा सुरु गरेको छ। यो सुविधा राज्यका सबै यातायात कार्यालयमा उपलब्ध हुनेछ । यसका लागि सवारी साधन वितरकहरूले मालिकको तर्फबाट Parivahan.gov.in वेबसाइटमा सवारी दर्ताका लागि आवेदन दिनुपर्नेछ। यस दर्ताको लागि व्यक्तिगत रूपमा उपस्थित हुन आवश्यक छैन।

****** ० ******

**केंद्र-उर्वरक**

केन्द्र सरकारले डाय-अमोनियम फास्फेट-डीएपी मलको तत्काल आपूर्ति र स्थानीय उपलब्धता सुनिश्चित गर्न सबै आवश्यक कदमहरू चालिरहेको छ। रसायन तथा उर्वरक मन्त्रालयले हिज एक विज्ञप्ति जारी गर्दै अवस्था समाधान गर्न राज्य सरकार, रेलवे र मल कम्पनीसँग समन्वय गरिरहेको जनाएको छ । विश्वव्यापी चुनौतीका कारण पनि २०२४-२५ को रवि बालीमा अक्टोबर–नोभेम्बरमा १७ लाख टनभन्दा बढी डीएपी मल बन्दरगाहमा मगाएर राज्यहरुमा वितरण गरिएको थियो । यसबाहेक राज्यलाई आन्तरिक उत्पादनबाट साढे छ लाख टन मल उपलब्ध गराइएको थियो। सरकारको प्रयासबाट चालु रवि बालीका लागि ३४ लाख ८१ हजार मेट्रिक टन डाय–अमोनियम फस्फेट मलका साथै ५५ लाख मेट्रिक टन नाइट्रोजन, फस्फोरस, पोटासियम र सल्फर–एनपीकेएस मल आपूर्ति भएको छ । प्रमुख आपूर्तिकर्ताले घटाएको निर्यात र रेड सी संकटजस्ता भूराजनीतिक कारणले डीएपी आपूर्ति प्रभावित भएको मन्त्रालयले जनाएको छ ।

****** ० ******

**तटरक्षक कार्यशाला**

तटरक्षक बलको ११औँ सामुद्रिक खोज र उद्धार अभ्यास कार्यशाला आजदेखि केरलाको कोचीमा सुरु हुँदैछ। दुईदिने कार्यशालाको उद्घाटन रक्षा सचिव राजेशकुमार सिंहले गर्नु हुनेछ । कार्यशालाको विषयवस्तु "खोज र उद्धार क्षमता अभिवृद्धि" रहेको छ ।

****** ० ******

**दिल्ली- प्रदूषण**

राष्ट्रिय राजधानी दिल्लीको वायु गुणस्तर आज बिहान ६ बजेसम्म औसत वायुसूचकाङ्क (ए.क्यू.आई) ३०४ रहेको छ । केन्द्रीय प्रदुषण नियन्त्रण बोर्डका अनुसार शहरका केही क्षेत्रमा ३५० ए.क्यू.आईको स्तर नाघेको छ । भारतीय मौसम विज्ञान विभाग (आईएमडी) ले दिल्ली र एनसीआरमा आगामी दु ई दिनसम्म रात र बिहानको समयमा धुवाँ र कुहिरो लाग्ने अनुमान गरेको छ।

****** ० ******

**रक्षा भागीदारी दिवस**

सशस्त्र सेना र उद्योगबीचको सहकार्यलाई सुदृढ पार्न आजदेखि नयाँ दिल्लीमा दुई दिवसीय रक्षा साझेदारी दिवस मनाइँदैछ। यसको उद्देश्य सरकार र व्यापारी र व्यापार समुदाय बीचको सम्बन्धलाई प्रगाढ बनाउनु हो। कार्यक्रममा प्राविधिक तथा खरिदसँग सम्बन्धित दुई सयभन्दा बढी कम्पनी र सयौं कार्यकारीको सहभागिता रहनेछ ।

****** ० ******

**महाराष्ट्र-सरकार गठन**

महाराष्ट्रका कार्यवाहक मुख्यमन्त्री तथा शिवसेना नेता एकनाथ शिन्देले आफ्नो पार्टीले राज्यको अघिल्लो मुख्यमन्त्रीको सम्बन्धमा भारतीय जनता पार्टीको केन्द्रीय नेतृत्वको निर्णयलाई समर्थन गर्ने बताउनु भएको छ । श्री शिन्देले ठानेमा पत्रकारहरुसंग कुराकानी गर्ने क्रममा भन्नु भयो, मुख्यमन्त्रीको बारेमा केन्द्रीय मन्त्री अमित शाहलाई भेटेर निर्णय लिइनेछ। यसैबीच, राष्ट्रवादी कांग्रेस पार्टीका अध्यक्ष अजित पवारले आफु एकनाथ शिन्दे र भाजपा नेता देवेन्द्र फडणवीससँग भोलि नयाँ दिल्ली जाने , जहाँ सरकार गठनको बारेमा अन्तिम छलफल हुने बताउनु भएको छ ।

****** ० ******

**भारत-रिपोर्ट**

नेटवर्क रेडिनेस इन्डेक्स २०२४ को रिपोर्ट अनुसार प्रविधि, जन, शासन र प्रभाव कार्यसम्पादनमा आधारित १३३ अर्थव्यवस्थाहरूमध्ये भारत ११ स्थानले सुधार गरी ४९ औं स्थानमा पुगेको छ। यसअघि नेटवर्क रेडिनेस इन्डेक्स २०२३ को रिपोर्टमा भारत ६० औं स्थानमा थियो। यसै महिनाको २१ तारिख सार्वजनिक भएको प्रतिवेदन अनुसार मूल्याङ्कनमा कूल ५४ परिवर्ती कारक समावेश गरिएको थियो । एनआरआई 2024 प्रतिवेदन पोर्टुलेन्स इन्स्टिच्युट, वाशिंगटन डीसी स्थित एक स्वतन्त्र गैर-लाभकारी अनुसन्धान र शैक्षिक संस्थान द्वारा प्रकाशित गरिएको छ। आफ्नो वरियतामा सुधारसँगै भारतले सन् २०२३ मा ४९.९३ बाट २०२४ मा ५३.६३ अंकमा सुधार गरेको सञ्चार मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ।

****** ० ******

**एनसीबी-सम्मेलन**

राष्ट्रिय सिमेन्ट तथा निर्माण सामग्री परिषद्–एनसीबीको तीन दिवसीय १८औं अन्तर्राष्ट्रिय सम्मेलन हिज नयाँ दिल्लीमा सुरु भएको छ । सम्मेलन र प्रदर्शनीले भारतीय सिमेन्ट उद्योगका शीर्ष नेताहरू, विश्वव्यापी विशेषज्ञहरू र सरोकारवालाहरूलाई सिमेन्ट र निर्माण सामग्री क्षेत्रमा नवाचार र दिगोपनबारे छलफल गर्न एकसाथ ल्याउनेछ। सम्मेलनको उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभागका सचिव अमनदीप सिंह भाटियाले उद्घाटन गर्नु भएको थियो । उहाले भारतीय सिमेन्ट उद्योगलाई ऊर्जा दक्षतामा विश्व नेताहरू मध्येको एक भएको प्रशंसा गर्नु भयो । उहाले देशको सर्कुलर अर्थतन्त्र प्रणालीमा भारतीय सिमेन्ट उद्योगको पुन:प्रयोग, पुन: उत्पादन र रिसाइक्लिङ्गको माध्यमबाट सकेसम्म लामो समयसम्म प्रयोगमा राख्ने महत्वपूर्ण योगदानको उल्लेख गर्नु भयो ।

****** ० ******

**अमरीकी राष्ट्रपति-युद्धविराम**

अमेरिकी राष्ट्रपति जो बाइडेनले गाजामा युद्धविरामका लागि अमेरिकाले टर्की , इजिप्ट, कतार र इजरायल लगायत क्षेत्रीय शक्तिहरूसँग मिलेर काम गर्ने बताउनु भएको छ । लेबनानमा इजरायल र हिजबुल्लाहबीच युद्धविराम सम्झौता भएपछि राष्ट्रपति बाइडेनले यस्तो टिप्पणी गर्नु भएको हो । करिब १४ महिनापछि युद्ध विराम भएको छ । राष्ट्रपति बाइडेनले सामाजिक सञ्जालमा इजरायली बन्धकहरूलाई मुक्त गरेर हमासलाई सत्तामा आउनबाट रोक्ने लक्ष्यका साथ आगामी दिनमा गाजामा युद्धविरामका लागि अमेरिकाले दबाब दिने बताउनु भएको छ । हमासले लेबनानमा युद्धविरामको लागि सकारात्मक प्रतिक्रिया दिएको छ भने गाजामा पनि युद्धविरामको लागि संकेत दिएको छ , तर इजरायलको मागलाई अस्वीकार गरेको छ ।हमासको स्वास्थ्य मन्त्रालयका अनुसार द्वन्द्व सुरु भएदेखि गाजामा ४४ हजारभन्दा बढी मानिस मारिएको छ भने १४ हजारभन्दा बढी घाइते भएका छन् ।

****** ० ******

**सैयद मोदी टूर्नामेंट**

लखनउमा चलीरहेको  सैयद मोदी अन्तर्राष्ट्रिय सुपर ३०० ब्याडमिन्टन प्रतियोगिताको एकल इभेन्टमा पीभी सिन्धुले महिला एकलमा स्वर्ण पदक जितेकी छिन्। पीभी सिन्धु र लक्ष्य सेन अर्को चरणमा प्रवेश गरेका छन्। पीभी सिन्धुले अनमोल खरबलाई अनि  लक्ष्य सेनले मलेसियाकी शोलेह आदिललाई पराजित गरिन्। महिला डबल्सको प्रि–क्वाटरफाइनलमा माल्भिका बनसोड, उन्नति हुड्डा, तसनीम मीर र अश्विनी पोनप्पा–तनिषा क्रास्टो र तृषा जोली–गायत्री गोपीचन्द पनि प्रि–क्वाटरफाइनलमा पुगेका छन्।

****** ० ******

**हॉकी-जूनियर एशिया कप**

ओमानको राजधानी मस्कटमा जारी पुरुष जुनियर एसिया कप हकी प्रतियोगिताको उद्घाटन खेलमा भारतले थाइल्याण्डलाई ११–० गोलको अन्तरले पराजित गरेको छ। भारतका लागि अरिजित सिंह हुण्डाल, सौरभ आनन्द कुशवाहा र गुरजोत सिंहले समान २–२ गोल गरे अर्शदीप सिंह, शारदा नन्द तिवारी, दिलराज सिंह, रोहित र मुकेश टोप्पोले एक–एक गोल गरे। प्रतियोगितामा आज भारतले जापानको सामना गर्नेछ।

****** ० ******